**आ.व. २०७६\७७ को दोस्रो बैठक**

आज मिति २०७६ साल आश्विन ६ गते सोमबारका दिन यस पाथीभरा याङवरक गाउँपालिकाका अध्यक्ष **श्री केशर कुमार सुब्बा ज्युको** अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थीतिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरू गरीयो ।

<u>उपस्थिती</u>

| क्र.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | केशरकुमार सुब्बा | अध्यक्ष | पा.या.गा.पा. वडा नं. २, ताप्लेजुङ | |
| २ | रनमाया गुरुङ | सदस्य | ऐ. वडा नं. १ | |
| ३ | जिवनराज खिम्दिङ | सदस्य | ऐ वडा नं. १ | |
| ४ | ज्ञानप्रसाद दाहाल | सदस्य | ऐ. वडा नं. २ | |
| ५ | भिमबहादुर बस्नेत | सदस्य | ऐ. वडा नं. ३ | |
| ६ | चन्द्रमान खोयाहाङ | सदस्य | ऐ. वडा नं. ४ | |
| ७ | तारामान साम्सोहाङ | सदस्य | ऐ. वडा नं. ५ | |
| ८ | दुर्गाप्रसाद थेवे | सदस्य | ऐ. वडा नं. ६ | |
| ९ | गीता राई | सदस्य | ऐ. वडा नं. १ | |
| १० | धनकुमारी बि.क. | सदस्य | ऐ. वडा नं. २ | |
| ११ | सीतादेवी बि.क. (लामगादे) | सदस्य | ऐ. वडा नं. ३ | |
| १२ | तेज बहादुर नेपाली | सदस्य | ऐ. वडा नं. ४ | |
| १३ | जसमाया माङयुङ | सदस्य | ऐ. वडा नं. २ | |
| १४ | कमला भण्डारी (थेवे) | सदस्य | ऐ. वडा नं. ६ | |
| १५ | रमेश राई | सदस्य-सचिव | हतुवागढी-८, भोजपुर | |

अन्य

शम्भु श्रेष्ठ (सलेपा)

धनबहादुर बुढाथोकी (कार्यालय सहयोगी)

**प्रस्तावहरू**

१. यस गा.पा. विरुद्द भई विराटनगर उच्च अदालत ईलाम ईजलासमा चालू निषेधाज्ञा समेतको मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा ।

२. चालू आ.व.का आयोजनाहरूको लागत स्टिमेट तयारी, उपभोक्ता समिति गठन प्रशिक्षण र योजना संचालन सम्बन्धमा ।

३. सिद्देश्वरी मा.वि. डुम्रिसेको शिक्षण सहयोग कार्यक्रम अनुदान सम्बन्धमा ।

४. अन्य

प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरू

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा होमनाथ लिम्बु समेत विरुद्ध पाथिभरा याङवरक गाउँपालिका समेत रहेको "अन्तरीम आदेश सहित परमादेश, प्रतिषेध, निषेधाज्ञा लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ" भन्ने रीट नं. ४५ हाल उच्च अदालत विराटनगर इलाम इजलासमा चालू रहेकोमा यस गाउँपालिका समेतका नाममा मिति २०७६।५।२२ मा म्याद तामेली भई १५ दिने लिखित जवाफ माग भएकोमा उक्त मुद्दाको प्रतिरक्षाका लागि कानून व्यवसायी नियुक्ती गरी तोकीएको मिति भित्रै लिखित जवाफ फर्काउने र उक्त मुद्दाको विपक्षी नं. २ लाई आफ्नो स्वयम् तथा विपक्षी नं. १ र ३ का तर्फबाट समेत वारेश भई मुद्दाको प्रतिरक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

चालू आ.व.मा स्विकित आयोजनाहरूको लगत स्टीमेट डिजाईन गर्न यथाशीघ्र प्राविधिक परीचालन गरी कार्तिक मसान्त भित्र उपभोक्ता समितिहरू गठन गर्ने र मंसीर १५ भित्रै उपभोक्ता समिति दर्ता गरी सम्झौता गरीसक्ने निर्णय गरीयो।

**निर्णय नं. ३**

संघीय सरकारको शिक्षण सिकाई सहयोग कार्यक्रम अन्तरगत सिद्देवरी मा.वि., डुम्रिसेमा यस अघि अनुदानको रुपमा १ लाख ६८ हजार रुपैया वार्षिक तत्कालीन जिल्ला शिक्षा कार्यालयमार्फत अनुदान प्राप्त भईरहेकोमा यस आ.व. मा रोकिएको र उक्त कार्यक्रम उक्त विद्यालयमा नितान्त आवश्यक रहेकोले गाउँपालिकाको चालू (सशर्त अनुदान वा राजश्व) तर्फको उपयुक्त शीर्षकबाट मासिक २३००० का दरले १३ महिनाको तलव भत्ता प्रदान गरी करार निरन्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

**अन्य:-**

**क) म्याद थप सम्बन्धि**

गत आ.व.मा ठेक्का लागि यस आ.व.मा अल्या भएको तिरिङ्गे-थुम्बे-यामासेन-सुनुवार गोलाई-पूर्णेडाँडा मोटरबाटो बर्षादको कारण देखाई यस अघी मिति २०७६।०६।१० गते सम्मलाई आयोजनाको म्याद थप भएकोमा पुन निरन्तरको वर्षादको कारण भिरालो स्थलमा बाटो ट्याक खोल्दा जोखिम हुने भएकोले म्याद थपी पाउँ भनी पुनः निवेदन दिएकोमा आवश्यक पर्फर्मेन्स बण्ड लिई या बण्डको अवधी थपी आएमा यसै आ.व.को मंसिर मसान्तसम्मलाई आयोजनाको म्याद थप्ने निर्णय गरीयो ।

**ख) ढुङ्गा गिटि वालुवा (दहत्तर बहत्तर) सम्बन्धि**

चालू आ.व.मा यस गाउँपालिका भित्रको ढुङ्गा गिटी वालुवा (दहत्तर बहत्तर) संकलन तथा बिक्री निकासीका लागि २ पटक ठेक्का आहान गर्दा समेत ठेक्का नपरेको हुँदा दर्तावाला ढुङ्गा गिटी वालुवा संकलकहरूबाट तपसीलको स्थानबाट तोकीएको अंकमा नघट्ने गरी बढाबढ कबोल गरी गराई बिक्री गर्ने निर्णय गरीयो ।

| क्र.स. | संकलन तथा बिक्री स्थल | रकम | कैफियत |
|---|---|---|---|
| १ | टारि क्षेत्र | ८ लाख | IEE प्रतिवेदनमा उल्लेखीत परीमाण भन्दा बढी नहुने गरी |
| २ | सेसम्बु क्षेत्र | ७ लाख | IEE प्रतिवेदनमा उल्लेखीत परीमाण भन्दा बढी नहुने गरी |
| ३ | खाल्टे पुच्छर | २ लाख | IEE प्रतिवेदनमा उल्लेखीत परीमाण भन्दा बढी नहुने गरी |
| ४ | झोलुङ्गे पुल क्षेत्र | १ लाख | IEE प्रतिवेदनमा उल्लेखीत परीमाण भन्दा बढी नहुने गरी |
| ५ | सिरुपा क्षेत्र | ७५ हजार | IEE प्रतिवेदनमा उल्लेखीत परीमाण भन्दा बढी नहुने गरी |

प्रमुख प्रशासकीय अधिकृत

ग) कानूनी परामर्श खरीद सम्बन्धमाः

यस गाउँपालिकालाई कानूनी परामर्श प्रदान गर्ने र यस कार्यालय र यस कार्यालयका पदाधिकारीहरू उपर कार्यालयको कामकाज सम्बन्धि पक्ष भई गरीने मुद्दा मामिलाहरूको प्रतिरक्षा गर्न, स्थानीय न्यायिक समितिको उजुरी अधिक्रित समेतको कामकाज गर्न चालू तर्फको सेवा परामर्श शीर्षकबाट वार्षिक रु. २ लाखबाट घटाघट गराई सेवा करार गरी सेवा लिने निर्णय गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत